# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ
## २४औं वार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु

(क) **पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको २४औं वार्षिक साधारण सभा मिति २०७३।०९।०८ (तदनुसार डिसेम्वर २३, २०१६) शुक्रवार दिनको ११:०० बजे बबरमहल, काठमाण्डौ स्थित कार्की ब्याङक्वेटमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष एवं सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु, पर्यवेक्षक तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले २४औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन :**

२४औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको सूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरुको जानकारीको लागि मिति २०७३।८।११ र मिति २०७३।८।१३ मा क्रमश: नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । सो सूचना, संक्षिप्त आर्थिक विवरणहरु तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो । साथै, सो संक्षिप्त आर्थिक विवरण तथा वार्षिक प्रतिवेदन कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, वानेश्वर तथा शेयर रजिष्ट्रार एनएमवी क्यापिटल लि., नागपोखरी, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो ।

२४औं वार्षिक साधारण सभाको सम्वन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थिति :**

अ) **संचालक समिति:**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ४. श्री ओम प्रकाश श्रेष्ठ | संचालक |
| ५. श्री दिवाकर बैद्य | स्वतन्त्र संचालक |
| ६. श्री विजय बहादुर श्रेष्ठ | वैकल्पिक संचालक |
| ७. श्री हरि ब. बुढाथोकी | कम्पनी सचिव |

आ) **व्यवस्थापन:**

| | |
|---|---|
| १. श्री उत्तर कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |

२. श्री प्रतिक मान सिंह प्रधान — भाईस प्रेसिडेण्ट, व्यवसाय तथा आयोजना विकास
२. श्री राधेश्याम श्रेष्ठ — भाईस प्रेसिडेण्ट, वित्त
३. श्री टीकाराम भट्ट — भाईस प्रेसिडेण्ट, कर्पोरेट
४. श्री प्रकाश कुमार श्रेष्ठ — प्रमुख, उत्पादन

इ) **आमन्त्रित/पर्यवेक्षक**
श्री खेम राज खत्री, सहयाक रजिष्ट्रार, कम्पनी रजिष्ट्रारको कार्यालय

ई) **शेयरधनीहरु:**
साधारण सभामा शेयर दाखिल खारेज वन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये १४६ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थित रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | % उपस्थिति |
|---|---|---|---|
| शेयर कित्ताका हिसावले उपस्थिति | १६,९२१,१५७कित्ता | १४,२५२,१९० कित्ता | ८४.२३ |
| उपस्थित शेयरधनीहरु | २,७९६ जना | १४६ जना | ५.२२ |

## (ग) सभाको वैधानिकता:

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार विधिपूर्वक वार्षिक साधारण सभा बोलाइएको, सोही अनुसार शेयरधनीहरुलाई सभाको सूचना तथा जानकारीहरु दिइएको तथा सभा संचालन गर्नका लागि निर्दिष्ट गणपूरक संख्या समेत पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुले कम्पनीको २४औं वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गर्‍यो ।

## (घ) प्रस्तावहरुको सूची:

कम्पनी सचिवले २४औं वार्षिक साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूची शेयरधनीहरु समक्ष प्रस्तुत गर्नु भयो । साथै, सो साधारण सभाको सूचना प्रकाशित भएपछि नेपाल धितोपत्र बोर्डले मिति २०७३।८।२२ मा नयाँ परिपत्र (सर्कुलर) जारी गरी बैंक, वित्तिय संस्था तथा बीमा कम्पनीहरु बाहेक अन्य सूचिकृत कम्पनीहरुले थप सार्वजनिक निष्काशन (नयाँ निष्काशन वा फर्दर पब्लिक अफरिङ) गर्दा पुरा गर्नु पर्ने शर्त तथा मापदण्डहरु तोकी थप सार्वजनिक निष्काशन बापत प्राप्त हुने रकमको उपयोग सम्बन्धी वित्तिय योजना तथा रणनीतिहरु समेत कम्पनीको साधारण सभाबाट पारित गरि पेश गर्नु पर्ने शर्त समेत उल्लेख गरेको र यस कम्पनीको मिति २०७३।३।२७ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम जारी हुने नयाँ निष्काशनका हकमा समेत सोही बमोजिम गर्नु पर्ने भएको हुँदा कम्पनीको संचालक समितिको मिति २०७३।९।८ को बैठकले नयाँ निष्काशनबाट प्राप्त हुने रकम उपयोग सम्बन्धी वित्तिय योजना तथा रणनीति तयार गरी सो सम्बन्धी प्रस्ताव २४औं वार्षिक साधारण सभाको प्रस्तावहरुको सूचीको विविध शिर्षक अन्तर्गत छलफल गर्न प्रस्ताव

गर्ने निर्णय गरेको हुँदा संचालक समितिको निर्णय वमोजिमको प्रस्तावलाई विविध शिर्षक अर्न्तगत छलफल तथा निर्णयका लागि समावेश गर्नका लागि कम्पनी सचिवले अनुरोध गर्नु भयो । नयाँ निष्काशनवाट प्राप्त हुने रकम उपयोग सम्वन्धी वित्तिय योजना तथा रणनीति सम्वन्धी प्रस्ताव समेतलाई प्रस्तावहरुको सूचीमा समावेश गरी छलफल तथा निर्णय गर्नका लागि साधारण सभाले सर्वसम्मतिवाट स्वीकृत गऱ्यो । विविध शिर्षक अर्न्तगत समावेश भएको प्रस्ताव साधारण सभामा उपस्थित शेयरधनीहरुलाई वितरण गरिएको थियो । अतः साधारण सभाले छलफल तथा निर्णयको लागि स्वीकृत गरेको प्रस्तावहरुको सूची यसप्रकार थियो ।

(क) सामान्य प्रस्तावहरुः

(१) संचालक समितिका अध्यक्षद्वारा संचाल समितिको प्रतिवेदन प्रस्तुत गर्ने र सो प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७२।०७३ को वित्तिय विवरणहरु (वित्तिय अवस्था, नाफा नोक्सान तथा नगद प्रवाहको विवरणहरु सहित संलग्न अनुसूची) उपर छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७३।७४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) कम्पनीको आ.व. २०७२।०७३ को खुद मुनाफावाट चुक्ता पूंजीको २०% (वीस प्रतिशत) नगद लाभांश स्विकृत गर्ने ।

(ख) विशेष प्रस्तावहरुः

(५) कम्पनीको आ.व. २०७२।०७३ को खुद मुनाफा तथा संचित जगेडा कोषबाट चुक्ता पूँजीको ७% (सात प्रतिशत) वोनस शेयर जारी गर्ने ।

(६) कम्पनीको हाल कायम चुक्ता पूँजी रु. २,१००,२२५,७०० बाट वृद्धि गरी रु. २,२२०,२२५,००० पुऱ्याउने र सो प्रयोजनका लागि कम्पनीको प्रवन्धपत्रको दफा ५( ख) मा संशोधन गर्ने ।

(ग) विविध ।

(७) मिति २०७३।३।२७ को विशेष साधारण सभाको निर्णय वमोजिम जारी हुने थप सार्वजनिक निष्काशन (फर्दर पव्लिक अफरिङ) बाट प्राप्त हुने रकम उपयोग सम्वन्धी वित्तिय योजना तथा रणनीति स्वीकृत गर्ने ।

## (ङ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुतिः

संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूले संचालक समितिको प्रतिवेदन (आ.व. २०७२।०७३) साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । साथै, सभाध्यक्षको अनुमतिले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठले चालु आ.व.का प्रथम त्रैमासिकको काम तथा उपलब्धीका विषयमा सभालाई जानकारी गराउनु भएको थियो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका प्रस्तावहरुको सूचीमा समावेश भएका विषयहरुमा छलफल गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भएको थियो ।

छलफलमा सहभागी शेयरधनीहरुको राय, सुझाव र प्रतिकृयाहरु निम्न वमोजिम रहेको थियो ।

(१) **व्यास कुमार शर्माः** कम्पनीको कार्यसंपादन राम्रो छ । आगामी वर्ष अझ राम्रो गर्दै जानु पर्दछ । शेयरधनीहरुको विगतको सुझावलाई ग्रहण गरेर संचालक समितिले

नगद लाभांश तथा वोनस शेयर दुवै प्रस्ताव गरेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थावाट समेत उत्कृष्टरुपमा वार्षिक प्रतिवेदन प्रस्तुत गरेवापत पुरस्कार प्राप्त गर्न सफल भएको छ । यसले हाम्रो कम्पनीको व्यवस्थापन प्रतिको विश्वासलाई पुष्टि गरिदिएको छ । कम्पनी ऐनले तोके वमोजिमनै सूचना तथा जानकारीहरु कम्पनीले उपलव्ध गराएको छ । यद्यपी, कम्पनीका वित्तिय विवरणहरु शेयरधनीहरुका घर घरमा पुऱ्याउने व्यवस्था गर्न सके शेयरधनीहरुलाई अझै सुविधा हुने थियो भन्नु भयो ।

(२) **डमरु बल्लभ घिमिरे:** कम्पनीले पारदर्शितालाई कायम गर्न सफल भएको र शेयरधनीहरुको अपेक्षा गरे अनुसारनै नगद लाभांश तथा वोनस शेयर दिने प्रस्ताव आएको छ भन्नु भयो । नयाँ नयाँ आयोजनाहरु थप गर्न तर्फ अझै ध्यान दिन सुझाव दिनु भयो । कर्मचारीहरुका विषयमा केही गुनासाहरु रहेको भन्ने सुन्नमा आएको हुँदा सो विषयमा स्पष्ट पार्नका लागि अनुरोध गर्नु भयो ।

(३) **उद्धव प्रसाद घिमिरे:** कम्पनीको वित्तिय विवरणहरु, सुशासन प्रतिवेदन, आयोजनाको विवरणहरु राम्रो आएको छ । यसपटक नगद लाभांश र वोनस शेयर दिने प्रस्ताव गरेको भएपनि वोनस शेयरको प्रतिशत कम्तीमा १० प्रतिशत भएको भए त्यसले साना लगानीकर्ताहरुलाई अझ खुसी वनाउने थियो भन्नु भयो । साथै, थप सार्वजनिक निष्काशन हुने शेयरको मुल्य सम्वन्धी जानकारी उपलब्ध गराउनका लागि अनुरोध गर्नु भयो ।

(४) **चन्द्र नारायण श्रेष्ठ:** कम्पनीले नगद लाभांशका अतिरिक्त वोनस शेयर समेत दिन लागेको स्वागतयोग्य छ भन्नु भयो । कम्पनीको संचालन मुनाफा भन्दा लाभांश आम्दानी वढी देखिएको सम्वन्धमा स्पष्ट पार्न अनुरोध गर्नु भयो ।

(५) **अशोक शर्मा:** कावेली ए जलविद्युत आयोजना र न्यादी जलविद्युत आयोजनाको लागतमा फरक परेको सम्वन्धमा जिज्ञासा राख्नु भयो ।

(७) **महेन्द्र बहादुर श्रेष्ठ:** नेपालको विकासका लागि संभाव्य विभिन्न क्षेत्रहरु मध्ये जलविद्युत एक महत्वपूर्ण क्षेत्र हो । यो कम्पनी राम्रो प्रतिफल दिने जलविद्युत कम्पनीमा परेका छ । यसका लागि कम्पनीको संचालक समिति तथा व्यवस्थापलाई धन्यवाद दिनु पर्दछ । धितोपत्र वजारमा विभिन्न व्यक्तिहरुले विभिन्न कम्पनीको शेयरको मूल्यलाई प्रभावित पार्दै आएको जस्तो देखिएपनि यस कम्पनीको शेयर मूल्य सही रहेको देखिन्छ । यस कम्पनीले संस्थागत सुशासनलाई ध्यान दिएको छ । यसले लगानीकर्ताहरुको विश्वासलाई अझ सुदृढ वनाएको छ भन्नु भयो । आगामी वर्षहरुमा कम्पनीको वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको केही महिना भित्रै गर्नका लागि सुझाव दिनु भयो ।

त्यसैगरी शेयरधनी नरसिंह लाल चंखूले लिखितरुपमा कम्पनीको कार्यसंपादनका विषयमा सन्तोष व्यक्त गर्दै थप विद्युत उत्पादन तर्फ ध्यान दिनका लागि सुझाव दिनु भएको थियो ।

छलफलमा भाग लिने शेयरधनीहरुले आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फवाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुलाई आफ्ना व्यस्तताका वावजुद समय मिलाएर साधारण सभामा उपस्थित भएकोमा तथा प्रस्तुत गरिएका प्रस्तावहरु उपरको छलफलमा सक्रिय सहभागिता जनाएकोमा धन्यवाद दिनु भयो । अध्यक्षज्यूले तथा उहाँको अनुमति लिएर प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुका सुभाव तथा जिज्ञासाहरुका सम्वन्धमा निम्न अनुसार स्पष्ट पार्नु भएको थियो:

(१) कम्पनीले संपादन गरेका राम्रा कामहरुको प्रशंसा गर्दै शेयरधनीहरुवाट सुझावहरु प्रस्तुत भएकोमा शेयरधनीहरु धन्यवादका पात्र हुनु हुन्छ । यसवाट संचालक समिति तथा व्यवस्थापनलाई प्रेरणा र हौसला मिलेको छ ।

(२) कम्पनीले शेयरधनीहरुलाई सुसूचित गर्ने सम्वन्धमा सदैव ध्यान दिएको छ । त्यसैले कम्पनीले प्रकाशित गरेका सूचना तथा विवरणहरु कम्पनीको वेभपेजमा प्रकाशित गर्दै आइएको छ । शेयरधनीहरुको घरमानै वार्षिक प्रतिवेदन पुऱ्याउने सम्वन्धमा कम्पनीले विद्यमान अभ्यासहरु समेतको अध्ययन गर्दा त्यो विकल्प त्यति व्यवहारिक देखिएन । त्यसकारण पत्रपत्रिका मार्फत प्रकाशित गर्ने सूचना तथा विवरणहरु कम्पनीको वेभपेजमा समेत प्रकाशित गरिने भएको हुँदा नयाँ प्रविधिले दिएको यो फाईदा सवै शेयरधनीहरुले भरपुररुपमा लिनु राम्रो हुन्छ ।

(३) नयाँ आयोजना थप्ने तथा थप विद्युत उत्पादनमा विस्तार गर्ने राम्रो सुझाव आएको छ । यस तर्फ कम्पनीले ध्यान दिंदै आएको छ र आगामी दिनहरुमा समेत ध्यान दिनेछ ।

(४) थप सार्वजनिक निष्काशन हुने शेयरको मुल्यका विषयमा उपयुक्त समयमा सवै शेयरधनीहरु लगायत सवैलाई जानकारी गराइने छ ।

(५) कम्पनीको संचालन मुनाफा र लगानीवाट प्राप्त भएको लाभांश बीचको अन्तर कम्पनीले अवलम्वन गरेको व्यवसायिक ढाँचाका कारण भएको हो । यद्यपी, कम्पनीको वितरण व्यवसायमा सालिन्दा व्यहोर्दै आएको नोक्सानीका कारण समेत अपेक्षितरुपमा संचालन मुनाफा वढ्न नसकेको हो । तर, हालै गल्याङ वितरण केन्द्र अन्तंगतको विद्युत महशुल दरमा पूर्नसंरचना भएको हुँदा यसले वितरण व्यवसायमा हुने नोक्सानीलाई कम गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । आगामी दिनहरुमा लाभांश आम्दानी सापेक्षितरुपमा अझ बृद्धि हुँदै जानेछ । नयाँ नयाँ आयोजनाहरुको निर्माण कम्पनी आफैले नगरी सहायक तथा सम्वद्ध कम्पनी मार्फत गर्नु पर्ने विद्यमान नीतिगत् व्यवस्थाका कारण लाभांश आयको क्षेत्र आगामी दिनहरुमा अझ फराकिलो हुनेछ । संचालन मूनाफा वा लाभांश आम्दानी जे भएपनि दुवै कम्पनीको असल व्यवस्थापनको कारणवाट मात्र संभव हुने हो ।

(६) न्यादी जलविद्युत आयोजना र कावेली ए जलविद्युत आयोजनाहरु फरक फरक भौगोलिक स्थानमा रहेका फरक डिजाईनका आयोजनाहरु हुन् । यद्यपी यी दुवै आयोजनाहरु हालसम्म आकर्षकनै रहेका छन् ।

(७) कर्मचारीहरुसंग राम्रो सम्वन्ध विकास गरिएको छ । कम्पनीमा उनीहरुको गुनासाहरुलाई सुन्ने उपयुक्त व्यवस्था गरिएको छ । शेयरधनीहरुको अपेक्षा र कम्पनीको दिर्घकालिन हितलाई ध्यानमा राख्दै उनीहरुका गुनासाहरुलाई व्यवस्थापनले निराकरण गर्दै आएको छ ।

शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

(च) **निर्णयहरु:**

(क) सामान्य प्रस्तावहरु:

(१) साधारण सभा समक्ष प्रस्तुत आ.व. २०७२।०७३ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७२।०७३ को वित्तिय विवरणहरु (वित्तिय अवस्था, नाफा नोक्सान तथा नगद प्रवाहको विवरणहरु सहित संलग्न अनुसूची) पारित गर्ने सर्वसम्मतिले निर्णय भयो ।

(३) लेखापरीक्षण समितिको सिफारिस वमोजिम बी.आर.एस. न्यौपाने एण्ड कम्पनीलाई कम्पनीको आ.व. २०७३।०७४ को वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ अनुसार आवश्यक पर्ने प्रमाणिकरण कार्य गर्नका लागि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्ने र सो कार्यको लागि निजको सेवा शूल्क रु ३,२५,०००.०० (तीन लाख पच्चिस हजार रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता तथा यातायात खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) निर्धारण गर्ने सर्वसम्मतिले निर्णय भयो ।

(४) संचालक समितिको प्रस्ताव वमोजिम २४औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई आ.व. २०७२।०७३ को वित्तिय विवरणमा व्यवस्था गरिए बमोजिम चुक्ता पूँजीको २० (बीस) प्रतिशत नगद लाभांश आ.व. २०७२।०७३ को लाभांश आम्दानीबाट वितरण गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

(ख) विशेष प्रस्ताव:

(५) संचालक समितिको प्रस्ताव वमोजिम २४औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई कम्पनीको आ.व. २०७२।०७३ को लाभांश आम्दानीबाट चुक्ता पूँजीको ७% (सात प्रतिशत) बोनस शेयर जारी गर्ने र सो जारी गर्दा कुनै शेयरधनीले प्राप्त गर्ने बोनस शेयरको अंकमा दशमलव पछाडिको अंक ५ वा सो भन्दा बढी हुन आएमा त्यसलाई एक कित्ता बोनस शेयर कायम गरी सो को नपुग रकम नगद लाभांशबाट कट्टा गर्ने गरी तथा बोनस शेयरको अंकमा दशमवलव पछाडिको अंक ५ भन्दा कम हुन आएमा सो कम हुन आएको अंकको हकमा हिसाव गरी नगद लाभांशमा समायोजन गरी नगदै दिने सर्वसम्मतिले निर्णय भयो ।

(६) कम्पनीको हाल कायम चुक्ता पूँजी रु. २,१०,०२,२५,७०० बाट बृद्धि गरी रु. २,२२,०२,२५,००० पुऱ्याउने र सो प्रायोजनका लागि कम्पनीको प्रवन्धपत्रको दफा ५(ख) मा देहाय वमोजिम संशोधन गर्ने र संशोधित व्यवस्था कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्दा कुनै परिमाजर्न वा संशोधन गर्न आवश्यक भएमा सो कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले निर्णय भयो ।

"५. कम्पनीको शेयर पूँजी:

(ख) कम्पनीको जारी पूँजी रु. २,२२,०२,२५,००० (दुई अरव बाईस करोड दुई लाख पच्चिस हजाररुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,२२,०२,२५० कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।"



बुटवल पावर कम्पनी लिमिटेड bpc २०४९

यस निर्णय बमोजिम पारित तीन महले प्रस्ताव यसै निर्णयको अनुसूची १ मा संलग्न छ ।

(ग) विविध:

७. थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक अफरिङ) बाट प्राप्त हुने रकम उपयोग सम्वन्धी वित्तिय योजना तथा रणनीति सम्वन्धी देहाय बमोजिमको प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

"कम्पनीले सहायक तथा सम्वद्ध कम्पनी मार्फत निर्माण गर्दै गरेका दुई आयोजनाहरु: न्यादी जलविद्युत आयोजना (३० मे.वा.) र कावेली ए जलविद्युत आयोजना (३७.६ मे.वा.) मा कुल रु. २३४.८५२ करोड लगानी गर्नु पर्ने देखिएको छ । हाल सम्म ती आयोजनाहरुका लागि कम्पनीले रु. ९५.३६४ करोड लगानी गरिसकेको छ र अव लगानी गर्नु पर्ने रकम रु. १३९.५०६ करोड देखिएको छ । त्यसका साथै कम्पनीसंग मनाङ जिल्लामा लोअर मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१०० मे.वा.) र चिनोखोला जलविद्युत आयोनजा (८.५ मे.वा.) गरी दुई आयोजनाहरु छन् । जस मध्ये लोअर मनाङ मर्स्याङदी जलविद्युत आयोजना उत्पादन अनुमतिपत्र लिने प्रक्रियामा रहेको छ भने चिनोखोला जलविद्युत आयोनजा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनको स्वीकृतिको क्रममा रहेको छ । कम्पनीको लगानी आवश्यकता सम्वन्धी हिसाव अनुसूची २ मा दिइएको छ ।

उल्लेखित आधारहरुमा नयाँ निष्काशनवाट प्राप्त हुने रु. ४०.८१ करोड र सो शेयरमा प्रिमियमवापत प्राप्तहुने रकमहरु न्यादी जलविद्युत आयोजना र कावेली ए जलविद्युत आयोजनामा शेयर लगानीका लागि उपयोग गरिने छ । सो उपयोग पश्चात् कुनै रकम बाँकी हुन आएमा कम्पनीको पूर्ण स्वामित्व तथा संचालनमा रहेको आँधिखोला क्षमता वृद्धि आयोजना (९.४ मे.वा.) तथा कम्पनीको कार्यालय भवन निर्माण आयोजनाका लागि लिइएको ऋण चुक्ता गर्नका लागि उपयोग गर्न सकिने छ । थप सार्वजनिक निष्काशन मार्फत प्राप्त हुने रकम नपुग भएमा कम्पनीको आयश्रोतवाट वेहोर्न सकिनेछ । यो योजना कार्यन्वयनका लागि देहाय बमोजिमका रणनीतिहरु अख्तियार गरिनेछ:

१. कम्पनीले थप सार्वजनिक निष्काशन मार्फत प्राप्त हुने रकम न्यादी जलविद्युत आयोजना र कावेली ए जलविद्युत आयोजनामा कम्पनीको शेयर लगानी प्रतिवद्धता बमोजिम न्यादी हाइड्रोपावर लि., गुराँश इनर्जि लि.र कावेली इनर्जि लि. मार्फत लगानी गर्नका लागि उपयोग गर्ने ।
२. थप सार्वजनिक निष्काशन मार्फत प्राप्त हुने रकमको प्रभावकारी वित्तिय व्यवस्थापनमा उचित ध्यान दिने ।
३. न्यादी जलविद्युत आयोजना र कावेली ए जलविद्युत आयोजनामा स्वपूँजीको आवश्यकता बमोजिम न्यादी हाइड्रोपावर लि., गुराँश इनर्जि लि.र कावेली इनर्जि लि.मा शेयर लगानीकोरुपमा रकम दिने तथा भुक्तानी गर्ने ।
४. थप सार्वजनिक निष्काशन मार्फत प्राप्त हुने रकम न्यादी जलविद्युत आयोजना र कावेली ए जलविद्युत आयोजनाका लागि अपर्याप्त भएमा कम्पनीले सो को लागि उपयुक्त उपायहरु अवलम्वन गर्ने ।
५. थप सार्वजनिक निष्काशन मार्फत प्राप्त हुने रकम न्यादी जलविद्युत आयोजना र कावेली ए जलविद्युत आयोजनामा उपयोग पश्चात् बाँकी रहेको खण्डमा

आँधिखोला क्षमता वृद्धि आयोजना (९.४ मे.वा.) तथा कम्पनीको कार्यालय भवन निर्माण आयोजनाका लागि लिइएको ऋण चुक्ता गर्नका लागि उपयोग गर्न सकिने ।

६. साथै, बाँकी हुन आएको रकम उल्लेखित दुई नयाँ आयोजनाहरुमा प्रचलित कानून तथा नियमहरुको अधिनमा रही उपयोग गर्न सकिने ।"

साथै, साधारण सभाले उल्लेखित वित्तिय योजना तथा रणनीतिमा कुनै परिमार्जन, अध्यावधि वा धितोपत्र बोर्डको शर्तहरु तथा भविष्यमा प्राप्त हुन सक्ने टिप्पणीहरु बमोजिम परिवर्तन समेत गर्नका लागि संचालक समितिलाई संपूर्ण अख्तियारी दिने सर्वसम्मतिले पारित गऱ्यो ।

## (छ) सभा विसर्जन:

साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा कम्पनी सचिवले २४औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको २४औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, मिडिया तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै २४औं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो । साधारण सभा दिनको १.३० बजे विसर्जन भएको थियो ।

(हरि ब. बुढाथोकी)
कम्पनी सचिव

(पद्‌मा ज्योति)
अध्यक्ष

## अनुसूची १
## बुटवल पावर कम्पनी लि.
## प्रवन्धपत्रको दफा ५(ख) मा संशोधनको पारित तीन महले विशेष प्रस्ताव

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| ५. कम्पनीको शेयर पूँजी:<br>(ख) कम्पनीको जारी पूँजी रु. २,१०,०२,२५,७०० (दुई अरब दश करोड दुई लाख पच्चिस हजार सात सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,१०,०२,२५७ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | ५. कम्पनीको शेयर पूँजी:<br>(ख) कम्पनीको जारी पूँजी रु. २,२२,०२,२५,००० (दुई अरब बाईस करोड दुई लाख पच्चिस हजाररुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,२२,०२,२५० कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | बोनस शेयर जारी गर्नका लागि पूँजी बृद्धि गर्न बान्छनीय भएको । |

बुटवल पावर कम्पनी लिमिटेड bpc २०४९

# अनुसूची २
# कम्पनीको लगानी आवश्यकता सम्बन्धी हिसाब

| A | Nyadi Hydropower Limited (NHL) | Rs. in million |
|---|---|---|
| 1 | Total Project cost | 6,000.000 |
| 2 | Debt Equity Ratio =75 : 25 | |
| 3 | Debt | 4,500.000 |
| 4 | Equity | 1,500.000 |

| | Shareholdings | | | Rs. in million |
|---|---|---|---|---|
| | | Total commitment | Invested till date | Further need to invest |
| | Promoters: 73% | | | |
| (i) | BPC = 97.22% of 73% =70.97% | 1,064.550 | 466.656 | 597.894 |
| | LEDCO =2.78% OF 73% = 2.03% | 30.450 | 13.344 | 17.106 |
| | Public including locals and employees 27% | 405.000 | - | 405.000 |
| | **Total** | **1,500.000** | **480.000** | **1,020.000** |

| B | Kabeli Energy Limited | Rs. in million |
|---|---|---|
| 1 | Total Project cost | 10,646.500 |
| 2 | Debt Equity Ratio =75 : 25 | |
| 3 | Debt | 8,251.038 |
| 4 | Equity | 2,395.463 |

| | Shareholdings | | | Rs. in million |
|---|---|---|---|---|
| | | Total commitment | Invested till date | Further need to invest |
| | Promoters: 100% | | | |
| | BPC = 26% | 622.820 | 297.946 | 324.874 |
| | GEL = 69% | 1,652.869 | 323.950 | 1328.919 |
| | APP = 5% | 119.773 | 0.970 | 118.803 |
| | **Total** | **2,395.463** | **622.866** | **1772.596** |
| (ii) | Shareholdings of BPC in KEL including GEL cross holdings =53.6% | 1,283.97 | 486.80 | 797.172 |
| | *BPC Direct to KEL= 26%* | *622.82* | *297.946* | *324.874* |
| | *BPC through GEL =(40% * 69%) =27.6%* | *661.15* | *188.850* | *472.298* |

| | |
|---|---|
| **Total further investment need in KEL and NHL projects = (i) + (ii)** | **1,395.066** |

APP: Asia Pacific Power Tech, China
BPC: Butwal Power Company Limited
GEL: Gurans Energy Limited
KEL: Kabeli Energy Limited
LEDCO: Lamjung Electricity Development Company Limited